# شرح ألفاظ الأذان

# अजानका शब्दहरूको व्याख्या

## अजानका शब्दहरूको व्याख्या

बहुभाषिक इस्लामी सामग्री सेवा संस्थाको वैज्ञानिक समिति

## अजानका शब्दहरूको व्याख्या

बहुभाषिक इस्लामी सामग्री सेवा संस्थाको वैज्ञानिक समिति

अजान एक ईश्वरीय आह्वान हो, जुन एक मुस्लिमले दिनमा पाँच पटक सुन्दछ, जसले उनीहरूलाई ईश्वरको महानताको सम्झना गराउँछ र सफलतातिर बोलाउँछ । यो मानिस र उसको सृष्टिकर्ता बीचको सम्पर्कको एक क्षण हो, जसमा ऊ संसारको कोलाहलबाट अलग भएर आफ्नो पालनकर्तासँग एकान्तमा प्रार्थना गर्न खडा हुन्छ। अजान केवल नमाजको समयको सूचना मात्र होइन, बरु यो शान्ति, आस्था र अल्लाहसँगको सम्बन्ध नवीकरण गर्ने आह्वान हो । अजानले उत्कृष्ट अर्थहरू बोकेको छ जुन ईश्वरको महिमाबाट सुरु हुन्छ र प्रार्थनाको लागि आह्वानमा समाप्त हुन्छ, जसमा मुस्लिमले शान्ति पाउँछ । हरेक पटक प्रार्थनाको लागि आह्वान गर्दा, यसले हृदयमा फुसफुसाउँछ कि साँचो जीवन ईश्वरको निकटताबाट सुरु हुन्छ।

### अजानका शब्दहरू:

**“अल्लाहु अकबर अल्लाहु अकबर, अल्लाहु अकबर अल्लाहु अकबर”**

“अल्लाहु अकबर”

(अर्थः अल्लाह सबैभन्दा महान् हुनुहुन्छ)

अल्लाह" को अर्थ : उपास्य (उपासना गरिने व्यक्ति हो) र यो सृष्टिकर्ता; प्रभुको असल नाम हो। अन्य सबै दिव्य नामहरू यसको अधीनमा छन् र उहाँका गुणहरू हुन्। अल्लाह एक र अद्वितीय हुनुहुन्छ। नत उहाँ कसैबाट जन्मिनुभएको छ नत कोही उहाँबाट जन्मेको छ । उहाँ आकाशहरू र पृथ्वीको सृष्टिकर्ता हुनुहुन्छ।

अल्लाहु अकबर" को अर्थ : अल्लाह सबै भन्दा महान हुनुहुन्छ । उहाँ आफ्नो महिमा र पूर्णता विपरीत हरेक कुराहरूबाट मुक्त हुनुहुन्छ।

“अल्लाहु अकबर”.. यो वाक्यांशले मुस्लिमलाई स्मरण गराउँछ, यस जीवनमा कुनै पनि कुराले उसलाई आफ्नो सृष्टिकर्ताबाट विचलित गर्नु हुँदैन। मानिसले आफ्नो जीवन अल्लाहको इच्छा र उहाँको शरीअत (कानुन) अनुसार बिताउनु पर्छ, न कि आफ्नो इच्छा र चाहना अनुसार, किनकि अल्लाह संसारमा भएका सबै कुराभन्दा महान् हुनुहुन्छ ।

अल्लाहु अकबर" को आवाज सुनेर कारीगरले आफ्नो काम रोक्दछ, किसानले आफ्नो जोताई रोक्दछ, व्यापारीले आफ्नो पसल बन्द गर्दछ र शिक्षकले आफ्नो पाठ रोक्दछ; किनभने अल्लाह हरेक काम र पेसाभन्दा महान् हुनुहुन्छ। यो रोकिनु अनि इबादततर्फ लाग्नुले विश्वासीको हृदयमा अल्लाह संसारका सबै सुख-सुविधाभन्दा महान् हुनुहुन्छ। अल्लाह हरेक परीक्षा, संकट र जीवनको हरेक परिस्थितिभन्दा महान् हुनुहुन्छ। जसले यस कुरामाथि ईमान ल्याउँछ, उसले संकटहरूलाई तुच्छ ठान्दछ र उसको हृदयले शान्ति पाउँछ, किनकि ऊ अल्लाहसँग छ; उहाँको फैसलामा सन्तुष्ट र उहाँको बुद्धिमत्ता तथा योजनामाथि विश्वस्त छ।

**म गवाही दिन्छु अल्लाह बाहेक कोही सत्य पूजनीय छैन, म गवाही दिन्छु अल्लाह बाहेक कोही सत्य पूजनीय छैन**

म गवाही दिन्छु, अल्लाह बाहेक कोही सत्य पूजनीय छैन

यो पहिलो गवाही हो र यसको अर्थ : अल्लाहलाई सबै चीजहरूको सृष्टिकर्ता, प्रभु, सार्वभौम र प्रबन्धकको रूपमा स्वीकार गर्नु हो। उहाँ मात्र उपासना योग्य हुनुहुन्छ र उहाँ बाहेक अरू कोही पूजा योग्य छैन। अल्लाह बाहेक कोही सत्य ईश्वर छैनन्, उहाँ एक हुनुहुन्छ, उहाँको कोही साझेदार छैन, न कुनै सन्तान छ, न त उहाँ जस्तो कोही छ; तसर्थ अल्लाह बाहेक अरू कसैको उपासना गर्नु हुँदैन र अल्लाह बाहेक अरू कसैलाई पुकार्नु हुँदैन।

यो गवाही संसारको सबैभन्दा ठूलो गवाही हो। यो सबै ईश्वरीय सन्देशहरूमा ईमानको मूल आधार हो। तसर्थ, नूह, इब्राहिम, मूसा र ईसा देखि लिएर मुहम्मद (सल्लल्लाहु अलैहि वसल्लम) सम्म सबै नबीहरूले आफ्ना समुदायलाई अल्लाह बाहेक कोही सत्य ईश्वर छैन भन्ने कुरालाई स्वीकार गर्न र त्यसमाथि ईमान ल्याउन आह्वान गर्नुभयो। यो त्यही वचन हो जसको लागि अल्लाहले सारा सृष्टि रचना गर्नुभयो, यसैलाई स्थापित गर्नका लागि आफ्ना रसूलहरू पठाउनुभयो र यसको व्याख्या गर्नका लागि आफ्ना किताबहरू अवतरण गर्नुभयो। जसले यसलाई निष्ठापूर्वक हृदयदेखि स्वीकार गऱ्यो, अल्लाहले उसको पुरस्कार स्वरूप स्वर्गलाई बनाउनुभयो र जो व्यक्ति यसमाथि पूर्ण विश्वासका साथ मर्छ उसमाथि नरकलाई हराम (निषेध) गरिदिनुभयो।

यो ईमानको चाबी, मुक्तिको ढोका, धर्मको मूल सिद्धान्त र तौहीदको मूल आधार हो।

यसै वचनको कारण मानिसहरूलाई उनीहरूको चिहानबाट उठाइनेछ अनि कियामतको दिन हिसाब-किताब लिइनेछ; जसले यसैमा आफ्नो जीवन बितायो र यसैमा उसको मृत्यु भयो, उसले महान् सफलता प्राप्त गर्यो र जसले यसलाई अस्वीकार गर्यो र यसलाई आफ्नो मुखले यसको गवाही दिएनन्, ऊ सधैंभरि नर्कमा को बासको हकदार भयो।

**म गवाही दिन्छु, मुहम्मद सल्लल्लाहाे अलैहे वसल्लम अल्लाहका सन्देष्टा हुन्, म गवाही दिन्छु, मुहम्मद सल्लल्लाहाे अलैहे वसल्लम अल्लाहका सन्देष्टा हुन् ।**

म गवाही दिन्छु, मुहम्मद सल्लल्लाहाे अलैहे वसल्लम अल्लाहका सन्देष्टा हुन् ।

यस गवाहीको अर्थ : मुस्लिमले गवाही दिन्छ, अल्लाहले मुहम्मद (सल्लल्लाहु अलैहे वसल्लम) लाई अन्तिम ईश्वरीय सन्देश दिएर पठाउनु भयो। मानिसहरूका लागि उनीहरूको प्रभुको सन्देशवाहकको रूपमा पठाउनुभयो। मुस्लिमले पुष्टि गर्छ, रसूल (सल्लल्लाहु अलैहे वसल्लम) को गवाही, अनुसरण र उहाँको अनुकरण नगरिकन अल्लाहको पूजा गर्ने र उहाँको खुशी प्राप्त गर्ने कुनै अरू उपाय छैन। यदि कुनै व्यक्तिले कुनै उपासना गर्छ, जुन रसूलले बताएको छैन भने त्यो अमान्य हो र त्यसले उसलाई यस संसार र परलोकमा फाइदा पुर्‍याउने छैन। बरु, उसलाई यसको लागि जवाफदेही बनाइनेछ र दण्डित गरिनेछ,

किनभने उसले अल्लाहको पूजा उनको रसूलले बताएको तरिका बाहेक अन्य तरिकाले गरेको थियो ।

यस गवाहीमा रसूल (सल्लल्लाहु अलैहि वसल्लम) अल्लाहका सेवक र सम्पूर्ण संसारका पालनकर्ताका अन्तिम रसूल हुनुहुन्छ र उहाँपछि कुनै नबी आउने छैन भन्ने कुरा समावेश गरिएको छ। यसमा उहाँले ल्याउनुभएका सम्पूर्ण निशानीहरूमाथि विश्वास गर्नु पनि समावेश छ, जसमध्ये सबैभन्दा महान् कुरआन करीम हो, जुन अन्तिम ईश्वरीय सन्देश हो र जुन भाषामा यो अवतरित भएको थियो, त्यही भाषामा आज पनि घटबढ र परिवर्तनबाट सुरक्षित छ । यो पवित्र कुरआन आफ्नो उत्कृत भाषा, विधानहरू र मार्गदर्शनमा अतुलनीय छ। अल्लाहले मानव जातिलाई कुरान जस्तो एउटा सूरह मात्र ल्याउन चुनौती दिनुभयो; तर तिनीहरू वर्षौंदेखि आजसम्म त्यसो गर्न असमर्थ रहे र सम्पूर्ण मानव जाति नै यो गर्न असक्षम छन ।

यो गवाहीले यो पनि बताउँछ, रसूल (सल्लल्लाहु अलैहि वसल्लम) मानिसहरूलाई तौहीदमा फर्काउन आउनुभएको थियो, जसरी उहाँभन्दा पहिले इब्राहिम, मूसा र ईसा (अलैहिमुस्सलाम) ले गर्नुभएको थियो । उहाँ सम्पूर्ण संसारका पालनकर्ताका सन्देशवाहक हुनुहुन्छ, उहाँले आफ्ना पालनकर्ताको सन्देश सुनाउनका लागि अघिल्लो पैगम्बरहरूले अपनाएको मार्गलाई नै निरन्तरता दिनुभयो, तर उहाँ पछि कुनै नबी आउने छैनन्।

**नमाजको लागि आउनुहोस्, नमाजको लागि आउनुहोस्।**

नमाजको लागि आउनुहोस् ।

यसको अर्थ : हे इमानवाला हो, आफ्नो पालनकर्ताको उपासनाको लागि आऊ, किनकि निश्चय नै ऊ बडो क्षमाशील र अत्यन्त दयावान् हुनुहुन्छ, उहाँले तौबा स्वीकार गर्नुहुन्छ र पापहरूलाई क्षमा गर्नुहुन्छ।

यो कति ठूलो सम्मानको कुरा हो, अल्लाहले हरेक यस्तो ठाउँमा, जहाँ मुस्लिमहरूको समूह छ, कुनै व्यक्तिलाई हरेक दिन पाँच पटक यो आह्वान गर्न आदेश दिनुहुन्छ: 'आफ्नो प्रभुको उपासना गर्न आउनुहोस् ।'

आफ्नो प्रभुको पूजा गर्ने समय भएको आस्थावानहरूका लागि यो एउटा आह्वान र सम्झना हो । अब उनीहरूले सांसारिक कारोबार र मामिलाहरूलाई त्याग्नुपर्छ र उपासनाको लागि तयारी गर्नु पर्छ; उनीहरूले आफ्नो व्यापार वा कृषिलाई छोडेर ईश्वरतिर फर्कनु पर्छ र यो विश्वासको सत्यताको प्रमाण हो तथा यो आस्था संसारका सबै सुख-सुविधाहरूभन्दा माथि छ।

यो मानिसहरूलाई नमाज (प्रार्थना) तर्फ बोलाउने एउटा आह्वान हो, जुन दास र उसको प्रभु बीचको प्रत्यक्ष सम्बन्ध हो । यो एउटा यस्तो उपासना हो जसले जातपातलाई नष्ट गर्दछ र मानिसहरूलाई आफ्नो प्रभुको सामु समान बनाउँछ ।

**सफलताको लागि आउनुहोस्, सफलताको लागि आउनुहोस्।**

सफलताको लागि आउनुहोस्।

फलाहको अर्थ यस संसार र परलोकमा सन्तुष्टि, विजय, सुरक्षा, मुक्ति, अनन्त सुख र सही मार्गको मार्गदर्शन हो ।

यसको अर्थ अल्लाहको खुशी प्राप्त गर्नु, स्वर्ग प्राप्ति र नर्कबाट मुक्ति हो; किनभने जसले ईमान ल्याउँछ र नमाज पढ्छ, ऊ सफल हुन्छ, र जो सफल हुन्छ, उसले मुक्ति पाउँछ र स्वर्गमा अनन्तकालीन बास प्राप्त गर्दछ ।

निश्चय नै, मुअज्जिनले हरेक नमाजको समयमा विश्वासीहरूलाई सुरक्षा र शान्ति, हृदयको चैन, आत्माको शुद्धता तथा लोक र परलोकको सफलतातिर आउनका लागि स्मरण गराउँछन् ।

**अल्लाहु अकबर, अल्लाहु अकबर, ला इलाह इल्लाल्लाह।**

तक्बीर र ताौहीदद्वारा समाप्ति

अजानको अन्त्य 'अल्लाहु अक्बर' वाक्यलाई दोहोर्याएर र 'ला इलाह इल्लल्लाह' माथि जोर दिएर गरिन्छ । यी दुवै वाक्यहरू अघिल्ला अर्थहरूको पुष्टि गर्दछन् र मानव अस्तित्व यिनैमा आधारित छ । यो नै ब्रह्माण्डको सबैभन्दा ठूलो र साँचो वास्तविकता हो, चाहे मानिसले यसलाई बुझोस् वा नबुझोस्, यसको बारेमा उसलाई ज्ञान होस् वा नहोस्; किनकि महान् सत्यहरूलाई केही मानिसहरूको अज्ञानताले कुनै हानि पुर्याउँदैन । यो सत्य कहिल्यै परिवर्तन हुँदैन, चाहे जतिसुकै समय बितोस् वा जस्तोसुकै घटना घटोस्। अल्लाह हरेक कुराभन्दा महान हुनुहुन्छ, उहाँ नै सत्य ईश्वर हुनुहुन्छ, उहाँ एक्लै उपासना योग्य हुनुहुन्छ र उहाँबाहेक अरूको उपासना गर्नु अमान्य हो ।

यो अल्लाहले महान् ठहराउनुभएका कुराहरूको आदर र सम्मान गर्ने आह्वान हो। यो त्यस कुराको गवाही दिनु हो जसको गवाही स्वयं

अल्लाहले आफ्नो लागि, उहाँका रसूलहरूले र मोमिनहरूले दिएका छन् ।

अन्तमा: अजान नमाजको लागि एउटा आह्वान मात्र होइन, बरु यो सफलता, विजय र कामयाबीको आह्वान हो । यो एउटा यस्तो सन्देश हो जुन मस्जिदहरूबाट दिनमा पाँच पटक गुञ्जिन्छ, जसले हृदयहरूलाई झक्झकाउछ; र हामीलाई स्मरण गराउँछ, अल्लाह निकट हुनुहुन्छ, आत्मिक शान्ति सम्भव छ र सफलताको मार्ग नमाज र दास एवं उसको सृष्टिकर्ता बीचको सम्बन्धबाट आरम्भ हुन्छ ।

अतः मुअज्जिनसँगै दोहोर्याउनुहोस्: अल्लाहु अक्बर, अल्लाहु अक्बर, ला इलाह इल्लल्लाह । तौहीदको गवाही दोहोर्याउनुहोस्, अल्लाहले स्वयं आफ्नो लागि दिनुभएको गवाही र उहाँका रसूलहरूले ल्याउनुभएको सत्यको गवाही दिनुहोस्, तपाईं सफल र एकेश्वरवादी मुस्लिमहरूमध्ये हुनुहुनेछ ।

आफ्नो हृदयलाई आस्थाको लागि खोल्नुहोस् र भन्नुहोस्: "अशहदु अल्ला इलाह इल्लल्लाह व अशहदु अन्न मुहम्मदर्रसूलुल्लाह" (म गवाही दिन्छु, अल्लाह बाहेक कुनै सत्य ईश्वर छैन र म गवाही दिन्छु, मुहम्मद अल्लाहका रसूल हुनुहुन्छ) । यसो गर्दा तपाईं अल्लाहको दयामा प्रवेश गर्नुहुनेछ, यस संसारमा खुशी पाउनुहुनेछ, परलोकमा मुक्ति पाउनुहुनेछ र न्यायको दिनमा विश्वासीहरूको साथमा पुनरुत्थान हुनुहुनेछ।

**विषयसूची**

अजानका शब्दहरूको व्याख्या....................................................2
अजानका शब्दहरूको व्याख्या....................................................2
अजानका शब्दहरू: ..............................................................2
“अल्लाहु अकबर अल्लाहु अकबर, अल्लाहु अकबर अल्लाहु अकबर” ..................................................................2
म गवाही दिन्छु अल्लाह बाहेक कोही सत्य पूजनीय छैन, म गवाही दिन्छु अल्लाह बाहेक कोही सत्य पूजनीय छैन ............................4
म गवाही दिन्छु, मुहम्मद सल्लल्लाहा◌े अलैहे वसल्लम अल्लाहका सन्देष्टा हुन्, म गवाही दिन्छु, मुहम्मद सल्लल्लाहा◌े अलैहे वसल्लम अल्लाहका सन्देष्टा हुन् । .......................................................5
नमाजको लागि आउनुहोस्, नमाजको लागि आउनुहोस्‌। ...............6
सफलताको लागि आउनुहोस्, सफलताको लागि आउनुहोस्‌।.........7
अल्लाहु अकबर, अल्लाहु अकबर, ला इलाह इल्लाल्लाह। ..........8

ne466v1.1 - 06/09/2026